नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
प्रशासन
(..................शाखा)

फोन नं.: ४१०६७६१, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०७९/८०/१/१४
प्राप्त पत्र संख्या:- ..................
च.नं.:- ८५४

मिति : २०७९/१२/२१

**विषय : जुनियर नापी तालिम (विभागीय) सम्बन्धमा ।**

**श्री महाशाखा, सबै ।**
**श्री नापी कार्यालयहरु, सबै ।**
**श्री विशेष नापी कार्यालयहरु, सबै ।**
**श्री डिजिटल नापी कार्यालय, बनेपा ।**

प्रस्तुत विषयमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रेको प.स.०७९।८०, च.नं ७५२, मिति २०७९/१२/१४ को पत्रसाथ प्राप्त जुनियर नापी तालिमको आवेदन फाराम थान १(एक) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । व्यहोरा उक्त पत्रबाट अवगत गर्नुभई भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बढीमा २४ जना नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प.अनं.प्रथम तथा रा.प.अनं. द्वितीय श्रेणीका कर्मचारीहरुलाई जेष्ठताका आधारमा एक बर्ष अवधिको जुनियर नापी तालिम (विभागीय) भूमि व्यवस्थापन प्रशिक्षण केन्दबाट संचालन गर्ने लक्ष्य रहेको हुँदा तहाँ महाशाखा/कार्यालयमा रा.प.अनं.प्रथम श्रेणी, सर्भेक्षक तथा रा.प.अनं.द्वितीय श्रेणी, अमिन पदमा कार्यरत भूमि व्यवस्थापन प्रशिक्षण केन्दको पत्रमा उल्लेख गरिएको योग्यता पुगेका इच्छुक स्थायी कर्मचारीहरुलाई संलग्न आवेदन फाराम भर्न लगाई कार्यालयको सिफारिससाथ ज्येष्ठता क्रमानुसार मनोनयन गरी यस विभागको योजना तथा जग्गा प्रशासन शाखाको इमेल ठेगाना **planning@dos.gov.np** मा मिति २०८०/०१/०६ गते भित्र पठाईदिनु हुन आदेशानुसार अनुरोध छ ।

*पुनश्च : इमेल पठाउँदा इमेलको विषयमा तालिमको नाम उल्लेख गर्नहुन र तालिमका लागि आवश्यक सम्पूर्ण कागजातहरु एकै PDF मा समावेश गरी पठाउनु हुन अनुरोध छ ।*

२०७९/१२/२१

**(विरेन्द्र बहादुर रोकाय)**
**कानून अधिकृत**

**बोधार्थ :**

श्री योजना तथा जग्गा प्रशासन शाखा, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा प्रविष्ट गरिदिनुहुन ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रे

टेलिफोन नं.०११-४९५०५५
फ्याक्स नं. ०११-४९५०७८

प्रशासन शाखा

प.सं. ०७९/८०
च.नं. ६४२

मितिः- २०७९/१२/१४

विषयः- जुनियर नापी तालिम (विभागीय) सम्बन्धमा ।

श्री सर्वोच्च अदालत, रामशाहपथ काठमाण्डौं ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौं ।
श्री भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री नेपाल ट्रष्टको कार्यालय, काठमाण्डौं ।
श्री नेपाली सेना, जंगी अड्डा, भद्रकाली, काठमाण्डौं ।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौं ।
श्री सशस्त्र प्रहरी बल नेपाल, हलचोक, काठमाण्डौं ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाण्डौं ।
श्री नापी विभाग, मीनभवन, काठमाण्डौं ।
श्री शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाण्डौं ।
श्री विद्युत विकास विभाग, काठमाण्डौं ।
श्री वन अनुसन्धान तथा सर्वेक्षण विभाग, काठमाण्डौं ।

नापी विभाग
दर्ता नं.: 2239
मिति: 2065/12/15

उपर्युक्त विषयमा यस केन्द्रको चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बढीमा २४ जना नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प.अनंकित प्रथम तथा द्वितीय श्रेणीका कर्मचारीहरुलाई ज्येष्ठताको आधारमा एक वर्ष अवधिको जुनियर नापी तालिम (विभागीय) सञ्चालन गर्ने लक्ष्य रहेकोले तहाँ र अन्तर्गतका निकायमा कार्यरत देहाय बमोजिमको योग्यता पूरा भएका इच्छुक स्थायी कर्मचारीहरुलाई संलग्न आवेदन फारम भराई सिफारिस साथ ज्येष्ठता क्रमानुसार पठाईदिनुहुन केन्द्रको मिति २०७९/१२/१४ को निर्णयानुसार अनुरोध गरिन्छ। यसरी विभिन्न निकायदेखि प्राप्त हुन आएका सिफारिसहरुमध्ये जेष्ठताका आधारमा २४ जना छनौट गरिने व्यहोरा समेत अनुरोध छ ।

तपसिल

१. नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहमा कार्यरत रही आवेदन दिने अन्तिम मितिसम्म सम्बन्धित सेवा समूहमा ३ वर्ष सेवा अवधि पूरा गरेको हुनुपर्नेछ ।
२. नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहबाट प्रदेश वा स्थानीय तहमा समायोजन भई गएका कर्मचारीको आवेदनलाई जुन पदबाट समायोजन भई गएको हो सोही पदको हैसियतमा जेष्ठता गणना हुनेगरी सहभागी गराइने छ ।
३. विभागीय प्रमुखको सिफारिस अनिवार्य हुनुपर्नेछ ।
४. केन्द्रमा आवेदन आइपुग्नुपर्ने अन्तिम मितिः- २०८०/०१/०८
५. केन्द्रबाट अन्तिम छनौट नतिजा प्रकाशन मितिः- २०८०/०१/१५
६. तालीम सुरू हुने मितिः २०८०/०१/२४

(राजेन्द्र राउत)
निर्देशक

"व्यावसायिक र सिर्जनसिल प्रशासन: विकास, सम्वृद्धि र सुशासन"

## अनुसूची २

(दफा १३ को उपदफा (१) को खण्ड (घ) र दफा १५ को उपदफा (१) को खण्ड (ग) संग सम्बन्धित)

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र**
धुलिखेल, काभ्रेपलाञ्चोक

प्रष्ट देखिने
पासपोर्ट साइजको
फोटो टाँस्ने र उम्मेदवारले
फोटो र कागजमा मिल्ने
गरी दस्तखत गर्ने

दर्ता नं:-  मितिः-

श्रीमान कार्यकारी निर्देशकज्यू
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रेपलाञ्चोक ।

विषयः- जुनियर नापी तालिम (विभागीय/ज्येष्ठता) को लागि आवेदन पेश गरेको बारे ।

त्यस केन्द्रको मिति २०......।......।......मा केन्द्रको वेबसाइटमा प्रकाशित सूचना अनुसार आ.व. २०...../.....,मिति २०......।......।...... देखि सचालन हुने *जुनियर नापी तालीममा* सरिक हुनका लागि निम्नानुसार विवरण खोली आवश्यक प्रमाण-पत्रहरूको प्रतिलिपि ...... यसै साथ संलग्न राखी यो निवेदन पेश गरेकोछु ।

(घ) व्यक्तिगत विवरण

१. उम्मेदवारको नामथर (नेपालीमा): ..............................................
   (अंग्रेजी ठूलो अक्षरमा): ..............................................
२. स्थायी ठेगाना:-प्रदेश ...................... जिल्ला ...................... गा.पा./न.पा .................... वडा नं ......................
३. जन्म मिति:- वि.सं. .............................................. ई.सं. ..............................................
४. उम्मेदवारको बाबु र आमाको नाम, थर:- ..............................................
   उम्मेदवारको बाजेको नाम, थरः ..............................................
५. हाल कार्यरत कार्यालयः ...................................... पदः ...................................... नियुक्ति मितिः ......................
६. सम्पर्क फोन नं.:-...................................... मोबाईल नं.:- ......................................

(ङ) शैक्षिक योग्यता सम्बन्धी विवरणः-

| योग्यता | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण भएको साल | प्रतिशत/ ग्रेड | मुख्य-मुख्य विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(च) तालीम सम्बन्धीविवरणः-

| तालीमको नाम | तालीम प्राप्त गरेको संस्थाको नाम | तालीम प्राप्त गरेको साल | श्रेणी | तालीमको मुख्य विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

सम्बन्धित उम्मेदवारको दस्तखतः ..............................................  मितिः २०......।......।......

सिफारिस गर्ने निकाय/कार्यालय/विभागीय प्रमुखको दस्तखतः
पदः
मितिः
निकाय/विभाग/कार्यालयः